आज मिति २०८२/१२/०१ गते आइतवारका दिन रुपनी गाउँपालिकाका अध्यक्ष श्री दिनेश कुमार यादव ज्यूको अध्यक्षतामा गाउँ कार्यपालिकाको वैठक तपसीलको उपस्थितिमा सम्पन्न भयो ।

उपस्थिति

| क्र.सं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री दिनेश कुमार यादव | अध्यक्ष | |
| २ | श्री पुष्पा कुमारी श्रेष्ठ | सदस्य | |
| ३ | श्री लिला यादव | सदस्य | |
| ४ | श्री सरोज कुमार यादव | सदस्य | |
| ५ | श्री अमर मुखिया मलाह | सदस्य | |
| ६ | श्री छेदी ईसर | सदस्य | |
| ७ | श्री गंगाराम यादव | सदस्य | |
| ८ | श्री बद्री नारायण सरदार | सदस्य | |
| ९ | श्री मुकेश कुमार कर्ण | सदस्य | |
| १० | श्री नविना खवास | सदस्य | |
| ११ | श्री अनार देवी पासमान | सदस्य | |
| १२ | श्री पुनम कुमारी रजक | सदस्य | |
| १३ | श्री रामकुमारी सदा | सदस्य | |
| १४ | श्री पुनिता कुमारी मण्डल | सदस्य | |
| १५ | श्री हरिमोहन सुतिहार | सचिव | |

**प्रस्ताव नं १ चालु आ.व. २०८२/८३ को "Rate Analysis" दररेट विश्लेषण स्वीकृत गर्ने सम्बन्धमा ।**

निर्णय नं. १ उक्त प्रस्ताव माथि छलफल गर्दा चालु आ.व २०८२/८३ का गाउँपालिका क्षेत्र भित्र संचालन हुने योजना तथा कार्यक्रमहरुमा प्रयोग हुने निर्माण सामाग्रीहरुको दररेट, मेसिन, उपकरणहरुको भाडा तथा कामदारहरुको दैनिक र मासिक ज्यालादरहरु स्वीकृत जिल्ला दररेट बमोजिमलाई आधार मानी तयार गरी प्राविधिक शाखाले पेश गरेको स्थानीय दररेट विश्लेषण स्वीकृत गर्न एंव निमार्ण कार्य, मालसमान खरिद र परामर्श सेवा खरिदमा जिल्ला दररेट व्यवस्था भएको हकमा सोही बमोजिम नभएको हकमा स्थानीय बजार दररेट वा अन्य प्रचलित नम्सलाई आधार मानी लागत अनुमान तयार गंरी कार्य अगाडी बढाउन गाउँ कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

**प्रस्ताव नं २ गा.पा. अनुदान अन्तर्गत नियुक्त विद्यालय शिक्षक कर्मचारीहरुको तलव भत्ता भुक्तानी गर्ने सम्बन्धमा ।**

निर्णय नं. २ उक्त प्रस्ताव माथि छलफल गर्दा गाउँपालिका अनुदान अन्तर्गत विभिन्न समयमा नियुक्त भई हाल सम्म सामुदायिक विद्यालयहरुमा विद्यालय शिक्षक र कर्मचारीहरुद्वारा विद्यालयको नियमित पठनपाठन भईरहेको छ । उक्त शिक्षक एंव कर्मचारीहरु २०८२ साल कार्तिक महिना देखी हालसम्मको तलव भत्ता भुक्तानी नभएको हुदाँ विद्यालय शिक्षक एंव कर्मचारीको तलव भत्ता भुक्तानी गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं ३ कार्यविधि तथा नियमावली पारित गर्ने सम्बन्धमा ।**

निर्णय नं. ३ उक्त प्रस्ताव माथि छलफल गर्दा रुपनी गाउँपालिकाको "घ" वर्ग इजाजतपत्र सम्बन्धी कार्यविधि, २०७५ अभिलेखमा नभेटिएकोले उक्त कार्यविधि खारेज गरी "घ" वर्ग इजाजतपत्र सम्बन्धी कार्यविधि, २०८२, कृषि विद्युत महशुल अनुदान समबन्धी कार्यविधि, २०८२ र रुपनी गाउँपालिकाको सार्वजनिक खरिद नियमावली, २०८२ स्वीकृत गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं ४ रोजगार सेवा केन्द्रमा कार्यरत प्राविधिक सहायक र रोजगार सहायक व्यवस्थापन सम्बन्धमा ।**

निर्णय नं. ४ उक्त प्रस्ताव माथि छलफल गर्दा श्रम रोजगार तथा समाजिक सुरक्षा मन्त्रालय प्रधानमन्त्री रोजगार कार्यक्रमको च.नं. ४१९ मिति २०८२/०२/०१ गतेको पत्रानुसार रोजगार सेवा केन्द्रमा जनशक्ती व्यवस्थापन सम्वन्धी परिपत्र वमोजिम रोजगार संयोजकको मात्र तलव भत्ता प्रास भएकोमा सेवा केन्द्रमा कार्यरत प्रा.स. र रोजगार सहायकको हकमा पालिकाको आवश्यक्तानुसार सम्बन्धित पालिकाले व्यवस्थापन गर्न पत्राचार गरेको छ । यस सेवा केन्द्रमा कार्यरत प्रा.स. अनिल कुमार यादव र रोजगार सहायक निरज कुमार साहको कार्यसम्पादन उत्तम रहेको तथा पालिकामा कर्मचारीको अभाव समेत रहेकोले प्राविधिक सहायक र रोजगार सहायकलाई रोजगार सेवा केन्द्र र पालिकाको समेत कार्य गर्ने गरि सार्वजनिक ... निरन्तरता दिने निर्णय गरियो । साथै निजको करार अवधि साविककैं सम्झौता शर्त वमोजिम निरन्तरता दिने निर्णय गरियो । साथै निजको करार अवधि २०८२/०४/०१ गते देखी लागु हुने गरी २०८३ असार मसान्तसम्मको म्याद थप गर्ने र निजको तलव भत्ता प्रशासन शाखाको हाजिरी प्रमाणितको आधारमा गा.पा. को आन्तरिक श्रोतबाट खर्च लेखे गरी भुक्तानी दिन गाउँ कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

**प्रस्ताव नं ५ संगठन व्यवस्थापन सर्वेक्षण सैदान्तिक सहमती सम्बन्धमा ।**

निर्णय नं. ५ माथि छलफल गर्दा मुख्यमन्त्री तथा मन्त्रीपरिपदको कार्यालय मधेश प्रदेशको च.नं. ९७० मिति २०८२/१०/२९ गतेको पत्रबाट पद दर्ताको लागि परिपत्र भई आएको हुदाँ यस पालिकाको संगठन व्यवस्थापन सर्वेक्षण पुनरावलोकन तथा हेरफेर गर्न सैदान्तिक सहमति प्रदान गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. ६ आ.व. २०८२/८३ को विशेष सभा मिति तय गर्ने सम्बन्धमा ।**

निर्णय नं. ६ उक्त प्रस्ताव माथि छलफल गर्दा आ.व. २०८२/८३ को विशेष सभा ( ८ औ गाउँ सभा) मिति २०८२/१२/०९ गते संचालन गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. ७ राष्ट्रिय रोजगार प्रवर्द्धन कार्यक्रमको स्थानीय कार्यक्रम कार्यन्वयन समिति गठन सम्बन्धमा ।**

निर्णय नं. ७ उक्त प्रस्ताव माथि छलफल गर्दा राष्ट्रिय रोजगार प्रवर्द्धन कार्यक्रम संचालन गर्न राष्ट्रिय रोजगार प्रवर्द्धन कार्यक्रम (संचालन तथा व्यवस्थापन) निर्देशिका, २०८२ दफा ११ बमोजिम तपसिलका ७ (सात) सदस्यीय स्थानीय कार्यक्रम कार्यन्वयन समिति गठन गर्ने निर्णय गरियो ।

तपसिल

गाउँपालिका अध्यक्ष श्री दिनेश यादव - अध्यक्ष
सामाजिक विकास समिति संयोजक श्री गंगाराम यादव - सदस्य
प्रमुख प्रशासकीय अधिकृत श्री हरिमोहन सुतिहार - सदस्य
लेखा अधिकृत श्री श्याम सुन्दर यादव - सदस्य
सामाजिक विकास शाखा श्री राज नारायण यादव - सदस्य
स्थानीय बैंक, ग्लोवल आइएमई बैंक प्रतिनिधि - सदस्य
रोजगार संयोजक श्री राजेश्वर प्र. यादव - सदस्य सचिव

**प्रस्ताव नं. ८ विविध ।**

८.१ चालु आ.व. योजना तथा कार्यक्रम कार्यान्वयन गर्न कार्यालय समय भन्दा अघिपछि काम गर्नुपर्ने, अतिथि सत्कार, विशिष्ट पाहुना सत्कार, अनुगमन गर्नु पर्ने, विभिन्न बैठक बस्नु पर्ने अवस्था रहेको छ । उक्त सिलसिलामा कार्यालयलाई आवश्यक पर्ने खाजा/खाना र इन्धन उपलब्ध गराउन प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिने निर्णय गरियो ।

८.२ चालु आ.व. २०८२/८३ का योजना तथा कार्यक्रमहरु हाल सम्म सन्तोषजनक प्रगति भएको छैन । यस कार्यालयमा एकातिर प्राविधिक जनशक्ती प्रयास मात्रामा छैन भने अर्कोतिर तोकिएको समयमा योजना तथा कार्यक्रमहरु कार्यसम्पन्न गर्नुपर्ने चुनौती छ । तसर्थ, कार्यालयलाई आवश्यक्ताको आधारमा साइटहरुको सुपरिक्षण गर्न प्राविधिक ज्ञान भएको साइट सुपरभाइजर नियुक्त गर्न र कन्टेजेन्सी खर्चबाट खर्च लेख्ने गरि भुक्तानी गर्न गाउँ कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

आज मिति २०८२/१२/११ गते बुधबारका दिन रुपनी गाउँपालिकाका अध्यक्ष श्री दिनेश कुमार यादव ज्यूको अध्यक्षतामा गाउँ कार्यपालिकाको बैठक तपसीलको उपस्थितिमा भयो ।

तपसील :

| क्र.सं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री दिनेश कुमार यादव | अध्यक्ष | |
| २ | श्री पुष्पा कुमारी श्रेष्ठ | सदस्य | |
| ३ | श्री लिला यादव | सदस्य | |
| ४ | श्री सरोज कुमार यादव | सदस्य | |
| ५ | श्री अमर मुखिया मलाह | सदस्य | |
| ६ | श्री छेदी ईसर | सदस्य | |
| ७ | श्री गंगाराम यादव | सदस्य | |
| ८ | श्री बद्री नारायण सरदार | सदस्य | |
| ९ | श्री मुकेश कुमार कर्ण | सदस्य | |
| १० | श्री नविना खवास | सदस्य | |
| ११ | श्री अनार देवी पासमान | सदस्य | |
| १२ | श्री पुनम कुमारी रजक | सदस्य | |
| १३ | श्री रामकुमारी सदा | सदस्य | |
| १४ | श्री पुनिता कुमारी मण्डल | सदस्य | |
| १५ | श्री हरिमोहन सुतिहार | सचिव | |

**प्रस्तावहरु :-**

१. रुपनी गाउँपालिकाको गुनासो सुनुवाइ कार्यविधि २०८२ तथा रुपनी गाउँपालिकाको बालिका तथा समावेशी शिक्षा सञ्जाल सम्वन्धि मापदण्ड,२०८२ पारित सम्बन्धमा ।

२. योजना कार्यस्थल अनुमती सम्वन्धमा ।

३. श्री आदर्श सरस्वती आधारभूत विद्यालय लौवापार रुपनी -२ सप्तरी को दुइ कोठे भवन निर्माण कार्यको सम्झौता म्याद थप गर्ने सम्बन्धमा

४. विविध

**निर्णय नं. १**

प्रस्ताव नं. १ माथि छलफल गर्दा रुपनी गाउँपालिकाको गुनासो सुनुवाइ कार्यविधि २०८२ तथा रुपनी गाउँपालिकाको बालिका तथा समावेशी शिक्षा सञ्जाल सम्वन्धि मापदण्ड,२०८२ परित गरि कार्यान्यन गर्ने तथा Website मा Upload गर्ने निर्णय सर्वसहमतिवाट पारित गरियो ।

**निर्णय नं. २**

प्रस्ताव नं. २ माथि छलफल गर्दा यस रुपनी गाउँपालिकाको च.नं १२५७ मिति २०८२/१२/०५को पत्रको जवाफ स्वरुप जेसिस आधारभुत विद्यालय रुपनी २ को च.नं.४५ मिति २०८२/१२/०९को पत्र माग गरिए बमोजिमको स्थानमा रहेको भवन रुपनी गाउँपालिकाको प्रविधिक,वडा नं २का प्रतिनिधि,स्थानिय बुद्धिजिवी, विद्यालयका प्रतिनिधि तथा प्रहरि तथा स्थानिय सरोकारवालाहरुको रोहवरमा प्राविधक मुल्याङकन गरि भवन भत्काइ भवनका सामग्रीहरु पिद्यालयको प्रअ को रेखदेख मा रहने गरि सोहि स्थानमा भवन निर्माण गर्न अनुमति दिने निर्णय सर्वसहमति वाट गरियो ।

**निर्णय नं. ३**

प्रस्ताव नं. ३ माथि छलफल गर्दा यस गाउँपालिका र श्री आदर्श सरस्वती आधारभूत विद्यालय लौवापार रुपनी -२ सप्तरी विच आ.व. २०७९/०८० विच द्वितीय पक्ष सम्झौतानुसार आदर्श सरस्वती आधारभूत विद्यालय लौवापार रुपनी -२ ससरीको दुइ कोठे भवन निर्माण कार्यको विभिन्न प्राविधिक त्रुटिका कारण समयमा कार्य सम्पन्न हुन नसकिएको हुदाँ म्याद थप गरी पाउँ भनी विद्यालयको च.नं. ५१ मिति २०८२/१२/०२ गतेको पत्रानुसार पेश भएको हुदाँ मिति २०८३/०३/१५ गते सम्मका लागि म्याद थप गर्ने गाउँ कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं. ४**

प्रस्ताव नं. ४ माथि छलफल गर्दा अर्को प्रस्ताव नभएकाले बैठ्क यहि सम्पन्न गर्ने भनि निर्णय गरियो ।